## के हाम्रो देशमा कानुनी रूपमा गर्भपतन गराउन पाइन्छ ?

वि.सं. २०५९ साल देखि नेपालमा पनि केही विशेष अवस्थामा गर्भपतन गर्न पाउने कानुनले व्यवस्था गरेको छ । गर्भपतन सम्बन्धी कानुनले बच्चा जन्माउने वा नजन्माउने निर्णय लिने अधिकार महिलालाई दिएको छ । गर्भपतनले कानुनी मान्यता नपाउँदासम्म महिलाहरू अनिच्छित गर्भ रहँदा पनि बच्चा जन्माउन बाध्य हुन्थे । साथै धेरै महिलाहरूले लुकिछिपी असुरक्षित गर्भपतन गराउँदा जटिलताहरू उत्पन्न हुन गई ज्यानै समेत गुमाउनु परेको थियो भने कतिपय महिलाहरूलाई प्रजनन् स्वास्थ्य सम्बन्धी जटिलताहरू भएका थिए । नयाँ कानुनी व्यवस्थाले सुरक्षित गर्भपतन सेवा सर्वसुलभ गराई, मातृ मृत्यु र स्वास्थ्य सम्बन्धी जोखिम घटाउन मद्दत पुऱ्याएको छ ।

## नयाँ कानुनी व्यवस्था अनुसार कुन कुन अवस्थामा गर्भपतन गर्न पाइन्छ ?

नयाँ कानुनी व्यवस्था अनुसार सुरक्षित गर्भपतन सेवा प्रदान गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थामा अनुमति प्राप्त चिकित्सक वा नर्सद्वारा गर्भवती महिलाको मञ्जुरीमा निम्न अवस्थामा गर्भपतन गर्न र गराउन पाइन्छ :

- १२ हप्तासम्मको गर्भ ।
- जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको १८ हप्तासम्मको गर्भ (यस अवस्थामा गर्भपतन गर्न पुलिसको रिपोर्ट चाहिँदैन तर महिलाले लिखित मञ्जुरीनामा दिनुपर्छ ।)
- गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पर्ने भएमा वा शारीरिक वा मानसिक रूपले स्वास्थ्यमा असर पर्ने अवस्थामा वा बिकलाङ्ग बच्चा जन्मन सक्ने अवस्थामा योग्यता प्राप्त चिकित्सकको रायले जुनसुकै अवधिको गर्भ ।

*(यदि महिला १६ वर्षमुनिकी भएमा वा होस हवास गुमेकी अवस्थाकी भए गर्भपतन गराउन चाहेमा नजिकको नातेदारको मञ्जुरीनामा आवश्यक हुन्छ ।)*

## कस्तो अवस्थामा गर्भपतन गराएमा सजाय हुन्छ ?

- गर्भवती महिलाको स्वीकृति बिना (करकाप, धम्की, ललाईफकाई, झुक्याई वा प्रलोभन दिई)
- भ्रूणको लिङ्ग पहिचान गरी लिङ्गको आधारमा,
- गर्भपतन गर्न कानुनले तोकेको अवस्था र अवधि बाहेक अन्य कुनै पनि अवस्थामा ।

## सुरक्षित गर्भपतन भनेको के हो ?

कुनै पनि गर्भवती महिलाको मञ्जुरीमा, कानुनले मान्यता दिए अनुसार सूचीकृत स्वास्थ्यकर्मी वा नर्सद्वारा सूचीकृत स्वास्थ्य संस्थामा गरिने गर्भपतनलाई सुरक्षित गर्भपतन भनिन्छ । यस बाहेक अरुबाट लिइएको गर्भपतन सेवा असुरक्षित हुन्छ ।

## असुरक्षित गर्भपतन गराउँदा के के समस्याहरू हुन सक्दछन् ?

तुरुन्तै हुन सक्ने समस्याहरू :

- गर्भपतन पूर्ण रूपमा नभई बढी रगत बग्ने ।
- पाठेघरमा संक्रमण हुने ।
- पाठेघरमा चोटपटक लागेर पाठेघर नै निकाल्नु पर्ने अवस्था आउन सक्ने ।
- महिलाको मृत्यु समेत हुन सक्ने ।

पछिसम्म हुन सक्ने समस्याहरू :

- तल्लो पेट दुखिरहने ।
- बाँझोपन हुने ।
- पाठेघर नै फाल्नु पर्नेसम्म हुन सक्ने ।

असुरक्षित गर्भपतनबाट हुन सक्ने माथिका समस्याहरूबाट महिलाहरूलाई धेरै दिन अस्पतालमा बस्नु पर्ने हुनाले परिवारलाई आर्थिक र सामाजिक समस्या पनि हुन सक्छ । असुरक्षित गर्भपतन गर्नाले महिलाको ज्यानै समेत जान सक्ने हुनाले असुरक्षित गर्भपतन कदापि गराउनु हुँदैन ।

## सुरक्षित गर्भपतन गर्ने तरिकाहरू के के छन् ?

सुरक्षित गर्भपतन दुई तरिकाबाट गर्न सकिन्छ ।

१. औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन (Medical Abortion) ९ हप्ता (६३ दिन) सम्मको गर्भलाई औषधिको प्रयोगद्वारा सुरक्षित गर्भपतन गर्न सकिन्छ ।



२. उपकरणको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन (Surgical Abortion) १२ हप्तासम्मको गर्भलाई साधारण उपकरणको प्रयोगद्वारा सुरक्षित रूपमा गर्भपतन गर्न सकिन्छ ।
(यो तरिकाबाट गर्भपतन गर्दा कुनै चिरफार गर्नुपर्दैन ।)



## सुरक्षित गर्भपतन सेवा को र कहाँबाट प्राप्त गर्न सकिन्छ ?

सुरक्षित गर्भपतन सम्बन्धी तालिमप्राप्त गरी नेपाल सरकारबाट सूचीकृत भएका चिकित्सक वा नर्सले सूचीकृत स्वास्थ्य संस्थामा मात्र यो सेवा प्रदान गर्दछन् ।






## सुरक्षित गर्भपतन सेवा अन्तर्गत के के सेवाहरू उपलब्ध छन् ?

- तालिमप्राप्त चिकित्सक वा नर्सबाट महिलाको स्वास्थ्य जाँच ।
- गर्भपतनका फाइदा र बेफाइदाहरू तथा गर्भपतनको प्रक्रियाका बारेमा तालिमप्राप्त तथा दक्ष स्वास्थ्य कार्यकर्ताबाट परामर्श सेवा ।
- तालिमप्राप्त चिकित्सक वा नर्सबाट गुणस्तरीय सुरक्षित गर्भपतन सेवा तथा अन्य सेवाको लागि प्रेषणको व्यवस्था ।
- परिवार नियोजन बारे परामर्श सेवा र साधन प्रदान ।

## परिवार नियोजनका साधनहरूको प्रयोग किन गर्नुपर्छ ?

परिवार नियोजनका साधनहरूको सही प्रयोगले अनिच्छित गर्भ रहन दिंदैन र गर्भपतन गराउनु पर्ने अवस्था आउँदैन । गर्भपतन गराएपछि परिवार नियोजनका साधन प्रयोग नगरी यौन सम्पर्क हुन गएमा १० दिनभित्र महिलाले फेरि गर्भधारण गर्न सक्छिन् । यसैले तुरुन्तै फेरि गर्भवती नहुनको लागि परिवार नियोजनका आधुनिक साधनहरू सही तरिकाले प्रयोग गर्नुपर्छ ।

### परिवार नियोजनका आधुनिक साधनहरू

तीन महिने सुई



खाने चक्की पिल्स



कण्डम



आई.यु.सी.डी.



इम्प्लान्ट



बन्ध्याकरण



## आकस्मिक गर्भनिरोध विधि भनेको के हो ?

परिवार नियोजनको साधन प्रयोग नगरी असुरक्षित यौन सम्पर्क भयो र महिला गर्भवती हुन चाहँदिनन् भने असुरक्षित यौन सम्पर्क भएको ७२ घण्टाभित्र अपनाइने गर्भनिरोध विधिलाई आकस्मिक गर्भनिरोध भनिन्छ ।

तर आकस्मिक गर्भनिरोध विधिलाई परिवार नियोजनको साधनको रूपमा लिनु हुँदैन । आकस्मिक गर्भनिरोध विधि बारे थप जानकारी स्वास्थ्य संस्थाबाट लिन सकिन्छ ।

## सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारी चाहिएमा कहाँ सम्पर्क गर्न सकिन्छ ?

सुरक्षित गर्भपतन सम्बन्धी जुनसुकै जानकारी चाहिएमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, वा गर्भपतन सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्छ ।

**गर्भपतनलाई परिवार नियोजनको साधनको विकल्पको रूपमा कदापि लिनु हुँदैन ।**

सुरक्षित गर्भपतन सेवा

यस्तो लोगो राखिएको स्वास्थ्य संस्थामा मात्र सुरक्षित गर्भपतन सेवा प्रदान गरिन्छ ।

**गर्भ सम्बन्धी सम्पूर्ण निर्णय गर्न पाउने महिलाको प्रजनन् अधिकार हो ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा र राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
२०६९/०७०

सुरक्षित गर्भपतन सेवा

# सुरक्षित गर्भपतनबारे जानकारी